# सामाजिक विकास समिति प्रतिवेदन

सभाका अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिले समाजिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

## ❖ समितिको कार्य क्षेत्र:

- आधारभूत तथा माध्यमिक शिक्ष सम्बन्धी,
- खेलकुद तथा अतिरिक क्रियाकलाप सम्बन्धी,
- खानेपानी व्यवस्थाप, आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी,
- लैंगिक समानता तथा समाजिक सुरक्षा सम्बन्धी (लैगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक),
- गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी,
- भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धी,

## ❖ यो अवधिको कार्य विवरण/मुख्य प्रगति

- जम्मा १० जना ज्येष्ठ नागरिक परिचयपत्र अद्याविधक कार्य गरिएको ।
- महिला- ७२ र पुरुष-१२० गरी जम्मा १९२ वटा ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गरिएको ।
- तीज विशेष कार्यक्रम तथा लैंङिगक हिंसा विरुद्धको १६ दिने अभियान सु-सम्पन्न गरिएको ।
- जम्मा १४ वटा अपाङ्गता परिचयपत्र वितरण तथा अद्यावधिक कार्य गरिएको ।
- जम्मा ३९३ वटा अपाङ्गता परिचय-पत्र वितरण गरिएको जसमा क वर्ग-६२, ख वर्ग-१३३, ग वर्ग-१२७ र घ वर्ग-७० रहेका छन् ।
- आ.व. २०७९।०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सवै वार्ड (९ वटै) का ३,०८७ जना लाभग्राहीहरूको सञ्चार पहुँच अभियान तथा नविकरण सम्पन्न ।

- सवै वार्डमा सामाजिक सुरक्षा र घट्ना दर्ताको अभिलेख प्रणालीमा सुरक्षित राख्ने प्रयोजनार्थ VPN प्रणाली जडान गरी सो प्रणालीमार्फत कार्यसञ्चालनमा सहजीकरण एवम् समन्वय ।
- सामाजिक सुरक्षा भत्ता वितरण गाउँ र वडास्तरमा वितरण गर्ने व्यवस्था मिलाउन गठित कार्यदलको नियमित बैठक बसी बैंक, वडा र कर्मचारीको समन्वयमा चालु आ.व.को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता १,२१४ जनालाई वडातहबाटै वितरण गर्नमा सहकार्य ।
- आयोजना समन्वय समिति तथा गुनासो सुनुवाई समिति गठन ।
- बगनासकाली आवाजको १५ औं अंक प्रकाशनमा सम्पादन सहजीकण एवम् गाउँपालिकाका नियमित गतिविधिको मिडिया कभरेज लगायत कार्यसम्पादनमा नियमितता ।
- सम्पूर्ण कार्यक्रमको बार्षिक समिक्षा क्षेत्रगत रुपमा सम्पन्न ।
- कोभिड १९ खोप कार्यक्रमको व्यवस्थापन तथा योजना तर्जूमा कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य कार्यक्रमको बार्षिक खरिद योजना तथा दररेट तयार गरिएको ।
- गाउँपालिका स्तरिय स्वास्थ्यतर्फ रेपिड रेस्पोन्स टिमको बैठक सम्पन्न ।
- स्वास्थ्य सूचना प्रणालीको HMIS नयाँ अपडेटको तालिम सम्पूर्ण स्वास्थ्यकर्मीलाई २ चरणमा दिइएको
- पुरुष ४७२ र महिला ६८ गरी जम्मा ५४० जनालाई क्यूआर कोड प्रमाणिकरण सेवा दिइएको ।
- नायरनमतलेस स्वा.चौ.मा कुपोषण उपचार केन्द्र OTC सञ्चालन गरिएको ।
- गाउँपालिका स्तरमा डुंगरोग सम्वन्धी जानकारीमुलक कार्यक्रम सम्पन्न गरिएको ।
- बगनासकाली १ घोरबन्दामा फैलिइएको झाडापखालको महामारीमा स्वास्थ्यकर्मी परिचालन, अस्पतालहरुसँग र विभागको सहयोगमा अनुसन्धान गराइमा समन्वय गरिएको ।
- स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका लागि कम्प्यूटर सम्वन्धी १ हप्ते तालिम सञ्चालन गरिएको ।
- बालरोगको अनसाइड कोचिङ्ग कार्यक्रम सञ्चालन गरिएको ।
- बाल सञ्जालको नियमित बैठक ४ पटक सञ्चालन भएको ।
- बालमैत्री सहजकर्ताको बैठक सञ्चालन २ पटक ।
- राष्ट्रिय बाल दिवस भव्यताका साथ सम्पन्न गरिएको ।

- प्रथम र द्वितीय त्रैमासिक शिक्षक कर्मचारीहरुको तलव भत्ता निकासा ।
- कक्षा ३ को स्थानिय पाठ्यपुस्तक लेखन, छपाई तथा वितरण कार्य सम्पन्न ।
- प्रथम त्रैमासिक परिक्षा तथा अर्धवार्षिक परीक्षा सम्पन्न ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको छनौट तथा वितरण कार्य सम्पन्न ।
- आवासिय रुपमा स्काउट आधारभुत बिटिसि/पिटिसी तालिम सञ्चालन ।
- इमिस तालिम सम्पन्न गरि बिद्यालयहरुलाई अध्यावधिक गराउने कार्य पुरा ।

## ❖ सल्लाह/सुझाब

- बगनासकाली गाउँपालिका भित्र शैक्षिक कार्यक्रम सञ्चालन गर्न, स्थानीय पाठ्यपुस्तक लेखाइ र छपाईको लागि रकमले नपुग हुने भएकोले अर्को वर्ष देखि थप बजेटको व्यवस्था गर्नु पर्ने ।
- प्राप्त जानाकारी अनुसार निकट भविश्यमा (करिव २, ३ महिना) संघिय शिक्षा ऐन आउने क्रममा रहेकोले त्यसलाई समेत मध्येनजर गरेर बगनासकालीले यस वर्ष बनाउन लागेको शिक्षा ऐन निर्माण गरिने ।
- बगनासकाली गाउँपालिकाको विभिन्न समुदाय (कुमाल, माझी दलित बाहुल्यता भएको स्थान) मा वालवालिका नियमित रुपमा विद्यालय नजाने देखिएकोले गाउपालिकाद्धारा हेरालु शिक्षक व्यवस्था गर्न सम्बन्धित क्षेत्रका वासिन्दाको माग रहेकोले सोही अनुसार गर्न गाउँपालिकामा अनुरोध गरिन्छ ।
- स्वास्थ्य ऐन र नियमावली बनाउन आवश्यक देखिएकोले कार्यक्रम र बजेटको व्यवस्थाका लागि गाउँपालिकामा अनुरोध गर्ने ।
- वालवालिकाहरुको माग बमोजिम बाल रेडियो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा र विद्यालय वालवालिकाहरु बिच अतिरिक्त कृयाकलापको लागि बजेट तथा कार्यक्रमको व्यवस्था गर्नु पर्ने ।
- बगनासकाली गाउँपालिका भित्र सबैको पहुँच पुग्ने स्थान पहिचान गरि विभिन्न ठाउँमा एकिकृत प्रजनन स्वास्थ्य शिविर सञ्चालन गर्न बजेट लगायत कार्यक्रमको व्यवस्था गर्नु पर्ने ।

➢ गाउपालिका अन्तर्गतका प्रधानाध्यापकहरुको अनुरोध भै आएको कार्यक्रम, बिद्यालय पठनपाठनमा असर नपर्ने गरि उत्कृष्ट स्थान/बिद्यालयको शैक्षिक भ्रमणको व्यावस्था गर्नु पर्ने ।

➢ राष्ट्रपती रनिङ् शिल्ड कप सञ्चालनको लागि संघिय शशर्त बजेट अत्यान्तै कमि भएकोले थप बजेटको व्यवस्थापनको साथै कार्यक्रम सञ्चालनको लागि प्र.अ, शिक्षक सहितको खेलकुद बिज्ञ समुह गठन गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

❖ **समितिको पदाधिकारीहरु**

१. श्री गीता रेग्मी -संयोजक
२. श्री यमलाल तिमिल्सिना -सदस्य
३. श्री हरि प्रसाद न्यौपाने -सदस्य
४. श्री जमुना क्षेत्री -सदस्य
५. श्री मन कुमारी कुमाल -सदस्य
६. श्री गुनाराम खनाल -सदस्य सचिव

# विधयेक समितिको प्रतिववेदन

यस सभाका अध्यक्ष ज्यू

म विधेयक समितिको संयोजकको हैसियतले चालु आ.व.मा गरिएका कार्यहरुको प्रतिवेदन यस तेह्रौं सभाको प्रथम बैठकमा पेश गर्न चाहन्छु ।

यस समितिको गठन मिति २०७९।२।१८ गतेको कार्यपालिकाको बैठकवाट भएको थियो जसमा संयोजक सहित ५ जना सदस्य र १ जना सदस्य सचिव को व्यवस्था भएको थियो । चालु आ.व.मा ३ वटा बैठकहरु भएको र ति बैठकमा छलफल गरि स्वीकृत भएका कार्यविधिहरु देहाय अनुसार भएको सभाको यस बैठकमा जानकारी गराउन चाहन्छु ।

१. आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९

२. अशक्त अपाङ्ग कल्याणकारी समिति गठन तथा परिचालन कार्यविधि,२०७९

३. आदिवासी जनजाती समन्वय समिति गठन तथा परिचालन कार्यविधि,२०७९

४. जेष्ठ नागरिक कल्याणकारी समिति गठन तथा परिचालन कार्यविधि,२०७९

५. दलितवर्ग समन्वय समिति गठन तथा परिचालन कार्यविधि,२०७९

६. महिला समन्वय समिति गठन तथा परिचालन कार्यविधि,२०७९

७. युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि,२०७९

८.अनुदानमा आधारित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि २०७९

९.कर्मचारी कल्याणकोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९

१०. विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७९

सभाका अध्यक्ष ज्यू, यसै गरि देहाय अनुसारका विधेयकहरु यस समितिमा समान्य छलफल भएको व्यहोरा यस बैठकमा जानकारी गराउछु ।

१. शिक्षा विधेयक २०७९

२. बन विधेयक २०७९

सभाका अध्यक्ष ज्यू , कानून निर्माणको सन्दर्भमा समितिलाई कुनै तालिम प्राप्त नभएको, तथा समितका सदस्यहरुको बैठकमा पूर्ण उपस्थिती हुन नसक्दा अपेक्षित कार्य गर्न नसकिएको व्यहोरा सभामा जानकारी गराउन चाहन्छु । बगनासकाली गाउँपालिकाको कानून निर्माण तथा परिमार्जनमा समिति सदैव सक्रिय रहने छौं ।

धन्यवाद

| | |
|---|---|
| उमकला अर्याल | संयोजक |
| संगीता वि.क. | सदस्य |
| सीता वि.क. | सदस्य |
| खुम बहादुर रेश्मी | सदस्य |
| कृष्ण प्रसाद भुसाल | सदस्य |
| यादव प्रसाद न्यौपाने | सदस्य सचिव |

# न्यायिक समितिको प्रतिवेदन

सभा अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतीमा बगनासकाली गाउँपालिकाको न्यायिक समितिको आ.व.२०७९।०८० को पुस महिनाको दोस्रो हप्तासम्मको प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

प्रस्तुत विषयमा नेपालको सविधान, २०७२ को धारा २१७ बमोजिम गठन भएको न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ उपदफा १ र २ मा विवाद निरुपण गर्ने अधिकार रहेको छ। न्यायिक समितिलमा यस आ.व.को पुस महिनाको दोस्रो हप्तासम्म तपसिलमा उल्लेखित विषयका ६ वटा उजुरीहरु दर्ता भई सो उपर सम्बद्ध पक्षहरुसँग छलफल गर्दा गराउँदाको अवस्था देहाय अनुसार रहेको छ ।

| क्र. स. | मुद्धाको प्रकृति | आ.व.७९।०८० पुस दोस्रो हप्ता सम्ममा | फछ्यौट मुद्धा | फछ्यौट हुन बाँकी मुद्धा | कैफियत |
|---|---|---|---|---|---|
| १. | आलीधुर,बाध पैनी ,कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग दफा४७ उपदफा १(क) | १ | | १ | |
| २. | नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको दफा४७ उपदफा १(छ) | १ | | १ | |
| ३. | पति पत्नीबीचको सम्बन्ध विच्छेद दफा४७ उपदफा २(ग) | १ | | १ | |
| ४. | गाली बेइज्जती दफा४७ उपदफा २ (ङ) | १ | १ | | |
| ५ | लुटपिट  दफा४७ उपदफा २ (च) | १ | | १ | |
| ६ | अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको दफा४७ उपदफा २(झ) | १ | १ | | |
| | जम्मा | ६ | २ | ४ | |

मुख्य कार्य :

१.बगनासकाली गाउँपालिकाको न्यायिक समितिमा ६२ जना तालिम प्राप्त मेलमिलाकर्तालाई मेलमिलापकर्ताको रुपमा सूचिकृत गरिएको । २.निवेदन परेका ६ वटा उजुरीहरु मध्ये २ वटा उजुरी फछ्र्यौट गरिएको भने ४ वटा उजुरी फछ्र्यौटको प्रक्रियामा रहेको ।

केही समस्या र सुझावहरु

१.प्रत्येक वडामा मेलमिलाप केन्द्र पुनर्गठन गरी मेलमिलाप केन्द्र तथा मेलमिलापकर्तालाई सक्रिय बनाउनुपर्ने ।

२.उजुरीकर्ताको गुनासो/निवेदन यथासिघ्र छिटो सुनुवाई गरिनुपर्ने

३.सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलापका उपाय अपनाउनुपर्ने

४.न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनुपर्ने ।

५.न्यायमा सवैको सरल, सहज पहुँच पुऱ्याउनुपर्ने ।

६.मेलमिलापकर्ताको लागी मुद्धा फछ्र्यौट वापत आर्थिक सुविधा उपलब्ध गराउनुपर्ने ।

७.न्यायिक समिति प्रति नागरिको विश्वास बढाउन गाउँसभाका सवै सदस्यले प्रभावकारी भुमिका खेल्नुपर्ने ।

८.न्यायिक समितिको काम कार्वाहीलाई थप प्रभावकारी बनाउन कानुनी सहजकर्ताको आवश्यकता रहेको हुदाँ यथासिघ्र छिटो व्यवस्था गरिनुपर्ने ।

९.न्यायिक समितिको कार्य सम्पादनका लागि कार्यालय कोठा अभावमा बन्द इजलास लगायत न्यायिक निरुपण कार्य गर्न कठिनाई भएको ।

बाँकी विषयहरु यसै प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँछु, धन्यवाद

**न्यायिक समिति पदाधिकारी**

संयोजकः श्री हरि प्रसाद पाठक

सदस्यः श्री उमकला अर्याल

सदस्यः श्री प्रकाश न्यौपाने

सदस्य सचिवः श्री विराट गैरे

# राजस्व परामर्श समितिको प्रतिवेदन

सभा अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिमा बगनासकाली गाउँपालिकाको राजस्व परामर्श समितिको आ.व.०७९/०८० को पौष महिनाको दोश्रो हप्तासम्मको प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिलाई उपदफा (२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकिए बमोजिम स्थानीय राजस्व परामर्श समितिको बैठक बसी राजस्वका नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र ऐन कानूनको पालना गर्न/गराउन परामर्श प्रदान गर्नुका साथै राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र राजस्व प्रशासन सुधारका लागि राय सुझाव प्रदान गर्दै आएको व्यहोरा जानकारीको लागि अनुरोध छ । आ.व. ०७९/०८० को यस अवधिमा राजस्व परामर्श समितिबाट सम्पादन गरिएका कार्य तपसिल बमोजिम रहेको छ ।

तपसिल :

१. **समितिको नाम :-** राजस्व परामर्श समिति,

२. **समितिको कार्य क्षेत्र :-**

- ❖ राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा,
- ❖ राजस्वका श्रोत, दायरा र दर निर्धारण, तथा आगामी आ.व. मा प्राप्त हुनसक्ने राजस्वको अनुमान,
- ❖ कर, राजस्व, गैरकर राजस्व, सेवा शुल्क आदिको दर सम्वन्धमा परामर्श दिने,
- ❖ राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
- ❖ राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने,

३. **यो अवधिको कार्य विवरण/मुख्य प्रगति :-**

- ❖ २०७९ श्रावण १२ गते ९ वटै वडाका वडा सचिव, सहायक कम्प्युटर अपरेटर र गा.पा. राजस्व शाखाका कर्मचारीलाई अनलाइन व्यवसाय दर्ता/नविकरण सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन ।
- ❖ आन्तरिक आय कवाडी ठेक्काको सूचना प्रकाशन गरी ठेक्का संझौता गरेको ।
- ❖ नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन/निकासी सम्वन्धी मन्द्रानघाटको ठेक्का संझौता ।
- ❖ खानीगाउँ-७ रानीघाट स्थित सार्वजनिक जग्गामा पार्किङ्ग कर असुली ठेक्का संझौता भएको ।
- ❖ १२ वटा "घ" वर्ग निर्माण व्यवसायीहरुको इजाजत पत्र नविकरण गरिएको ।

- ❖ २०७९ मंसिर २३ गते, एस.आर.डि.सि.एन. संस्थाको सहजीकरणमा आन्तरिक राजस्व संङ्कलन तथा राजस्व सुधार योजना सम्बन्धमा गा.पा. अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ. वडा अध्यक्षहरु र का.पा. सदस्यहरुलाई अन्तरक्रिया कार्यक्रम सञ्चालन ।
- ❖ निजी जग्गाबाट निकासी/विक्री हुने ढुङ्गा, माटो निकासी कार्यलाई व्यवस्थित गरी करको दायरामा ल्याउन अनुमति प्रदान गर्दै आएको ।
- ❖ यस अवधिसम्म रु. १७,७९,११८।७३ आन्तरिक आम्दानी बैंक दाखिला गरिएको ।
- ❖ करदाता, व्यवसायीलाई व्यवसाय दर्ता/नविकरण गर्न गराउन सूचना प्रकाशन गरिएको ।
- ❖ घर नक्सा पास, अभिलेखीकरण गर्न/गराउन सूचना प्रकाशन गरिएको ।
- ❖ राजस्व परामर्श समितिको एक वटा बैठक सम्पन्न भएको ।

४. **कार्ययोजना बमोजिम हुन नसकेका काम :-**

- ❖ वार्षिक लक्ष्य/प्रक्षेपण गरे अनुसार आन्तरिक आम्दानी उठाउन नसिकएको ,
- ❖ वार्षिक रुपमा घर नक्सा पास गराउन सू-सुचित गराउदा पनि पूर्ण रुपमा नक्सा पास लागू गराउन नसकिएको ।
- ❖ व्यवसाय दर्ता/नविकरण कार्यलाई प्रविधिमैत्री बनाउन नसकिएको ।
- ❖ कर्मचारी जनशक्तिको कमी र विषय क्षेत्रको ज्ञान, अनुभव नभएको कारण राजस्व सुधार सम्बन्धी कार्य गर्न नसकिएको ।
- ❖ नदीजन्य पदार्थको उत्खनन/निकासी गर्ने सम्वन्धमा बगरसम्म जाने बाटो अवरुद्ध भैरहने र निकासी गर्ने बाटाहरु अप्ठारा भएको हुँदा सबै स्थानको ठेक्का नजाने गरेको ।
- ❖ करदाताहरुलाई कर तिर्नु पर्छ भन्ने अनुभूति गराउन करदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न नसकिएको ।

५. **सल्लाह/सुझाव :-**

- ❖ राजस्व शाखालाई व्यवस्थित र प्रभावकारी बनाउन एक जना प्राविधिक समेत तीन जना कर्मचारी जनशक्ति व्यवस्था हुनु पर्ने ।
- ❖ व्यवसाय दर्ता/नविकरण कार्य प्रविधिमैत्री बनाउन वडा र राजस्व शाखाका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरि दक्ष बनाउनु पर्ने ।

६. **समितिका पदाधिकारीहरु :**

- ❖ उपाध्यक्ष श्री हरि प्रसाद पाठक - संयोजक
- ❖ प्र.प्र.अ. श्री विष्णु घर्ती - सदस्य
- ❖ का.पा. सदस्य श्री जित ब. कनौजे - सदस्य
- ❖ का.पा. सदस्य श्री बसन्ती थापा - सदस्य
- ❖ उ.वा.संघ प्र. श्री पदम ब. थापा - सदस्य
- ❖ सहायक पाँचौ श्री कृष्ण ब. थापा - सदस्य-सचिव

# लेखा समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष ज्यू,

यस बगनासकाली गाउँसभाको गरिमामय बैठकमा लेखा समितिको तर्फवाट संयोजकको हैसियतले हालसम्मको कार्यप्रगति पेश गर्न चाहन्छु ।

बगनासकाली गाउँपालिकाको २०७९ आषाढ १० गते बसेको बाह्रौ गाँउ सभावाट ३ सदस्य तथा १ जना सदस्य सचिव रहेको लेखा समितिको गठन भएको थियो । गठन पश्चात समितिको बैठक हाल सम्म ४ पटक बसेको छ । बैठकमा विगत देखि गत आर्थिक बर्षसम्मका यस गाउँपालिकामा रहेका बेरुजु र फछ्र्यौटका लागि गरेका प्रयासहरुको बारेमा छलफल भएको थियो ।
सभाध्यक्ष महोदय, मैले हालसम्मको बेरुजुको बर्तमान अवस्था यस सभाको बैठकमा जानकारी गराउन चाहन्छु ।

बगनासकाली गाउँपालिकाको आ.ब. २०७७/०७८ अगाडि सम्मको रु. ४ करोड ७३ लाख ५६ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट ३ करोड २१ लाख ०९ हजार फछ्यौट भई बाँकी रु. १ करोड ५२ लाख ४७ हजार र सोही आ.ब.मा रू.१ करोड ९५ लाख ६७ हजार बेरुजु थप हुन गई कुल बेरुजु रु ३ करोड ४८ लाख १४ हजार पुगेको थियो । गत आ.ब २०७८।०७९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन अनुसार रु.३ करोड ३७ लाख ४१ हजार बेरुजु थप भई अहिले जम्मा ६ करोड ८५ लाख ५५ हजार बेरुजु पुगेको देखिन्छ । आ.ब.०७७।७८ को लेखापरीक्षण प्रतिवेदनमा औल्याए अनुसारको रु.१ करोड ९३ लाख ४४ हजार ५ सय त्रिचालिस रुपैयाको को बेरुजु नियमित गर्न यस सभामा जानकारी गराउछु ।

सभाध्यक्ष महोदय, बेरुजुको अंक बढ्दै जानु पक्कै पनि राम्रो संकेत होइन । यसर्थ बेरुजु फछ्र्यौट संगसंगै बेरुजु नआउने गरि कार्यहरु गर्नु आवश्यक देखिएको छ । यस तर्फ लेखा समिति सभाध्यक्ष मार्फत कार्यालयको ध्यानाकर्षण गर्दछ ।

गाउँपालिकाको उद्देश्य अनुरुप गरिने विकास निर्माणसंगै सदैव जोडिने सार्वजनिक खरिद कार्य समेत यस समितिको जिम्मेबारी रहेकोले आफ्नो काम कर्तव्यलाई निकै गम्भिरतापूर्ण महशुस गरेका छौं ।

स्थानीय  तहको निर्वाचनपछि लेखा समिति गठन भएको लामो समय नभएको तथा काम कसरी गर्ने अन्यौलले गर्दा गर्नुपर्ने काम हुन सकेको छैन । गाउँपालिकाको आर्थिक कारोवारलाई व्यवस्थित तथा पारदर्शी बनाउनेतर्फ हाम्रो पहल सदैव रहने छ। लेखा समिति गठन भएदेखि नै बगनासकाली गाउँपालिकाको वेरुजु फछ्र्यौट कार्यवाट काम शुरु गरिएकोमा आगामी दिनमा सार्वजनिक खरिद, सेवा प्रवाह लगायतका क्षेत्रमा कार्य प्रवेश गरि समितिले आफ्नो सक्रियता जनाउने छ।

अन्तमा, यस गरिमामय सभाले लेखा समितिको लागि थप मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छौं ।

धन्यवाद ।

| | |
|---|---|
| कृष्ण प्रसाद बस्याल | संयोजक |
| प्रकाश न्यौपाने | सदस्य |
| जमुना क्षेत्री | सदस्य |
| यादव प्रसाद न्यौपाने | सदस्य सचिब |

# आर्थिक विकास समितीको प्रतिवेदन

यस सभाका सभा अध्यक्ष ज्यू,

अध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्य प्रगति विवरण प्रस्तुत गर्दछु ।

❖ **समितिको कार्य क्षेत्रः**

- ➢ कृषि विकास,
- ➢ पशुपन्छी विकास
- ➢ सिंचाइ
- ➢ पर्यटन प्रर्वद्धन
- ➢ सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र
- ➢ उद्योग, व्यापार तथा व्यवसाय
- ➢ श्रम तथा रोजगार प्रर्वद्धन

❖ **यो अवधिको कार्य विवरण/मुख्य प्रगति**

## कृषि विकास

- ➢ गाउँपालिकाको आन्तरिक आर्यवृद्दिका लागि यस गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका कृषि तथा पशुपक्षी फार्म/कृषि सहकारी/कृषक समूह अनिवार्य रुपमा दर्ता तथा नविकरण गराउन सूचना आव्हान गरियो ।
- ➢ कृषि विकास कार्यक्रमतर्फ वडागत रुपमा बिशेष क्षेत्र छनौट गरी **एक वडा एक उत्पादन"** पकेट क्षेत्र बनाउने साथै अनुदानग्राहीहरुको अभिलेख राखी नदोहोरिने गरी एकद्वार प्रणलीबाट गराउने निर्णय गरियो । सोही अनुरुप वडा नं. १ र ६ मा आलुको पकेट, वडा नं. २, ७, ८, ९ मा तोरीको पकेट र वडा नं. ३ मा तरकारीको पकेट निर्माण गरियो ।
- ➢ स्थानीय हाट बजार, कृषि उपज संकलन केन्द्र तथा कोशेली घर सञ्चालन गर्ने व्यवस्था मिलाउन संभाव्यता अध्ययन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

## पशु विकास

- ➢ दुग्ध उत्पादन किसानहरुको लागि प्रोत्साहन स्वरुप प्रति लिटर रु ५ को दरले सहकारी मार्फत अनुदान दिने निर्णय गरियो ।
- ➢ मेडिकल उपचार १२,८९४ गोटा पशुपंक्षीमा सेवा प्रदान गरियो ।

- कृत्रिम गर्भाधान सेवा ५४ गाई भैसिमा प्रदान गरियो ।
- बाह्य तथा आन्तरिक परजिवि नियन्त्रण सेवा १५,७८३ गोटा पशुपंक्षीमा प्रदान गरियो ।
- हिउँदे घाँसको विउ (वर्षिम: ५० के.जि. र जैः ९०० के.जि.) वितरण गरियो ।
- पशुपंक्षी औषधी खरिद गरि नौ वटै वडामा वितरण गरियो

## सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र

- सहकारी सञ्जालको पुनर्गठन तथा बैठक २ पटक सम्पन्न ।
- कोपोमिक्स सम्बन्धी १ दिने अभिमुखिकरण तथा आधारभूत लेखा तालिम ५ दिनको सम्पन्न ।
- सहकारी अनुगमन १० वटाको गरिएको ।

## उद्योग, व्यापार तथा व्यवसाय

- आ.व. २०७८/०७९ मा गरिएका कियाकलापहरुको डाटा इन्ट्री गरियो ।
- तालिम प्राप्त उद्यमीहरुलाई व्यावसायिक बनाउन परामर्श तथा सहजीकरण गरियो ।
- पुराना उद्यमीहरुको अवस्था पहिचान गरी स्तरोन्नति तालिमको लागि डाटा सकलन गरियो ।
- आ.व.२०७९/८० मा मेड्पा कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्य योजना तयार गरियो ।

## श्रम तथा रोजगार प्रर्वद्धन

- स्थानीय निर्देशक समिति गठन भई दुई वटा बैठक सम्पन्न भएको छ ।
- समितिको गठन पश्चात वडाहरुमा योजनाहरुको माग गरिएको छ ।
- नौ वटै वडाबाट गरेर ५० वटा योजनाहरु संकलन गरिएको छ ।
- वडाहरुमा रोजगार पाउने व्यक्तिहरुको संख्या निर्धारण गरिएको ।

## पर्यटन प्रर्वद्धन

- बगनासकाली गाउँपालिका क्षेत्र भित्र रहेका एतिहासिक सांस्कृतिक पर्यटकीय स्थलको बिकास तथा प्रर्वधनका लागि गुरुयोजना बनाउन गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

**कार्ययोजना बमोजिम हुन नसकेको काम**

- बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको अनुगमन अलि न्युन भएको ।
- बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमका लागि प्राथमिकतमा राखी सोचे अनुरुप बजेट विनियोजन गर्न नसकिएको ।

**सल्लाह/सुझाव**

- बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको अनुगमन कडाईका साथ गर्न अनुरोध गर्ने ।

- **समितिको पदाधिकारीहरु**

१. श्री खुमादेवी भट्टराई -संयोजक
२. श्री युवराज श्रेष्ठ -सदस्य
३. श्री पविसरा दर्लामी -सदस्य
४. श्री कृष्ण प्रसाद बस्याल -सदस्य
५. श्री खुम बहादुर रेश्मी -सदस्य
६. विशाल गौतम -सदस्य सचिव

# पूर्वाधार विकास समिति प्रतिवेदन

सभाका अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिले पूर्वाधार विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

❖ **समितिको कार्य क्षेत्रः**

- ➢ सडक तथा यातायात पूर्वाधार सम्बन्धी,
- ➢ जलविद्युत, उर्जा, सडकबत्ती सम्बन्धी,
- ➢ सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार सम्बन्धी,
- ➢ एफ.एम. सञ्चालन सम्बन्धी,
- ➢ भवन तथा भवन संहिता एवम् निर्माण ईजाजत सम्बन्धी,
- ➢ जग्गा नापनक्सा, घर, जग्गाधनिपूर्जा सम्बन्धी,
- ➢ भू-उपयोग तथा वस्ती विकास सम्बन्धी,
- ➢ सार्वजनिक निजी साझेदारी सम्बन्धी ।

❖ **यो अवधिको कार्य विवरण/मुख्य प्रगति**

- ➢ ठेक्काबाट सञ्चालित ठूला पूर्वाधारहरुमा कामको गुणस्तरता र दिगोपन राख्नको लागी कार्यालयको तर्फबाट सुपरभाईजरको व्यवस्था गर्न गा.पा.मा अनुरोध गरियो ।
- ➢ गा.पा. का योजनाहरु सञ्चालनको अवस्था बारे उपभोक्ता समितिलाई ताकेता गरी कार्य सञ्चलन निरन्तर र विशेष परिस्थिति बाहेक कुनै पनि योजनको म्याद नथप्ने गरि गा.पा. मा अनुरोध गरियो ।
- ➢ योजना तथा कार्यक्रमको गुणस्तरता कायम गर्न पूर्वाधार समितिलाई सक्रिय बनाई छड्के अनुगमन गर्न लगाउन गा.पा. मा अनुरोध गरियो ।
- ➢ प्रदेश सरकार समपुरकतर्फका देहायका ४ वटा योजनाहरुको सम्झौता गरि कार्यादेश दिइएको
  १. घोरवन्दा ठूलाचौर पिप्ले मोटरबाटो पिच
  २. आर्यभन्ज्याङ्ग-सिंचास-पोखराथोक-देउराली मोटरबाटो स्तरउन्नती
  ३. दोवाटो वडा कार्यालय मिलनचोक मोटरबाटो पिच
  ४. बुल्ठाँकी-देउराली-मोटरबाटो पिच
- ➢ घर नक्सा पासका लागी इन्जिनियरिङ्ग कन्सल्टेन्सीहरुको सूचिकृत तथा नविकरण गरिएको ।

- भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि लगत संकलन सम्वन्धी पहिलो र दोस्रो सूचना प्रकाशन गरिएको ।
- गाउँपालिकाको प्रशासकीय भवन तथा पन्ध्र शैया अस्पताल भवनको नक्सा पास प्रक्रियामा लगिएको ।
- भूउपयोग ऐन, २०७६ अनुसार स्थानीय भूउपयोग कार्यान्वयन समिति गठन तथा जग्गाको वर्गीकरण प्रयोजनको लागि भूउपयोग नक्सा डाटा नापी विभागबाट ल्याइएको ।
- घरनक्सा नियमित दर्ता-३, फिल्ड सरजमिन-२३, घरनक्सा प्रमाणपत्र-१२ (प्लिन्थलेभल, सुपरस्ट्रक्चर र सम्पन्न सहित), फिल्ड रेखाङ्कन-४ वटा सम्पन्न गरिएको ।

## ❖ कार्ययोजना बमोजिम हुन नसकेको काम

- जलविद्युत, उर्जा, भवन तथा भवन संहिता, वस्ती विकास एवम् निर्माण ईजाजत लगायत जग्गा नापनक्सा, भू-उपयोग सम्बन्धी कार्य योजना बमोजिम सम्पन्न गर्न नसकिएको ।

## ❖ सल्लाह/सुझाव

- भवन तथा भवन संहिता बमोजिम सम्पूर्ण पूराना तथा नयाँ घरहरुलाई नक्सा पासमा समावेश गर्ने ।
- बगनासकाली गा.पा. भित्रका सम्पूर्ण सडकको मापदण्ड तयार गरी मापदण्ड कार्यन्वयन तथा मापदण्ड अनुसार भवन निर्माण गर्न सबै सरोकारवालाहरुलाई अनुरोध गर्ने ।
- स्थानिय तहको भू-उपयोग वर्गीकरण तथा गा.पा. को व्यवस्तिथ भू-उपयोग योजना तयार गर्ने ।
- पूर्वाधार निर्माणमा थप नीतिनियम निर्माण र निरिक्षण/अनुगमनलाई तिव्रता दिने ।

## ❖ समितिको पदाधिकारीहरु

१. श्री तेज प्रसाद रसाली -संयोजक
२. श्री जंग बहादुर उचै -सदस्य
३. श्री मिठु वि.क. -सदस्य
४. श्री प्रेम बहादुर कुमाल -सदस्य
५. श्री शान्ता दर्नाल -सदस्य
६. श्री प्रमोद कुवँर -सदस्य सचिव

# वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

सभा अध्यक्षज्यू,
अध्यक्षज्यूको अनुमतिमा बगनासकाली गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको आ.व.०७९/०८० को पौष महिनाको दोश्रो हप्तासम्मको प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-३ दफा ११ उपदफा (२) (न,प) भएको व्यवस्था तथा गाउँपालिका कार्यसम्पादन नियमावली, २०७४ को दफा १५ बमोजिम गठित यस वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको आफ्नो कार्यक्षेत्रमा यस अवधिमा गरिएका काम, कार्ययोजना बमोजिम गर्न नसकिएका कार्य र यस समितिबाट सम्पादन गरिने कार्यलाई थप व्यवस्थित बनाउन रायसुझाव सहित यो प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

१. **समितिको नाम :-** वन, वातावरण तथा विपद् व्यवस्थापन समिति,

२. **समितिको कार्य क्षेत्र :-**

- वन, हरियाली र जैविक विविधता,
- भू-संरक्षण र जलाधार व्यवस्थापन,
- वातावरण तथा फोहोर मैला व्यवस्थापन,
- विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलता,

३. **यो अवधिको कार्य विवरण/मुख्य प्रगति :-**

- तानसिने खोलामा तटवन्धन/ग्याबियन वाल निर्माण ।
- वर्षातका कारण घर/गोठ क्षति भएका २५ घर परिवारलाई रु. १,९२,०००।- (एक लाख बयानब्बे हजार रुपैया) राहत सहयोग वितरण गरिएको ।
- वर्षातको समय घर भत्केका र पहिरो गएका स्थानमा थप क्षति हुनबाट रोक्न २११ थान त्रिपाल वितरण गरिएको ।
- एक वटा बैठक बसेको ।

४. **कार्ययोजना बमोजिम हुन नसकेका काम :-**

- ❖ वन,वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तरगतका योजना कार्यक्रम नबनेको कारण यस क्षेत्रमा प्रभावकारी काम हुन नसकेको ।

५. **सल्लाह/सुझाव :-**

- ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र भित्र पर्ने कार्यहरु गर्नका लागि वार्षिक रुपमा कार्ययोजना बनाई सोको लागि बजेट विनियोजन गरिनु पर्ने ।
- ❖ राहत सहयोग वितरण कार्यलाई प्रभावकारी बनाउन समितिले स्थलगत निरीक्षण गरेको प्रतिवेदनका आधारमा सहयो उपलव्ध गराउन उपयुक्त हुने ।
- ❖ आयोजना कार्यान्वयन गर्दा तथा पूर्वाधार निर्माण सम्वन्धित काम गर्दा भौगोलिक बनोट, भू-धरातलिय अवस्थाको वारेमा अध्ययन गरेर काम गर्नु पर्ने ।
- ❖ सिद्धाथ राजमार्गको छेउछाउको वातावरण सफा राख्न घोरवन्दा देखि राम्दी क्षेत्रसम्म उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण गर्नु पर्ने ।
- ❖ बगनासकाली गाउँपालिकालाई सफा राख्न सबै घरमा शौचालय निर्माण गर्ने लगाउने, टोल बस्तिमा
  फोहोर व्यवस्थापन गर्न डस्टविन प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

६. <u>समितिका पदाधिकारीहरु</u> :

- ❖ का.पा. सदस्य श्री बोमलाल सुनार - संयोजक
- ❖ वडा सदस्य श्री खड्क बहादुर गाहा - सदस्य
- ❖ वडा सदस्य श्री मिना बस्याल - सदस्य
- ❖ वडा सदस्य श्री बुद्धिवल कवँर थापा - सदस्य
- ❖ वडा सदस्य श्री सुमित्रा वि.क. - सदस्य
- ❖ सहायक पाँचौ श्री कृष्ण ब. थापा - सदस्य-सचिव

# सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन

अध्यक्ष महोदय,

अध्यक्षज्यूको अनुमतिले बगनासकाली गाउँपालिकाको सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन पस्तुत गर्दछु ।

❖ **समितिको नामः**

➢ सुशासन तथा संस्थागत विकास समिति

❖ **समितिको कार्य क्षेत्रः**

(क) सेवाप्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,
(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,
(ग) सङ्घ, प्रदेशर स्थानीय तह बीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,
(घ) बैठक व्यवस्थापन सम्बन्धी,
(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्यसुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,
(च) आन्तरिक रअन्तिम लेखापरीक्षण सम्बन्धी,
(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,
(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,
(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फर्छ्यौट सम्बन्धी,
(ञ) न्याय, कानून तथा मानवअधिकार प्रवर्द्धन सम्बन्धी,
(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,
(ड) सुशासन प्रबर्द्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,
(ढ) नागरिक सन्तुष्टी सवेक्षण र अन्तर निकायसमन्वय सम्बन्धी ।

❖ **यो अवधिको कार्य विवरण/मुख्य प्रगति**

बगनासकाली गाउँपालिका अर्न्तगतका रहेका वजारहरुको पहिलो चरणको वजार अनुगमन कार्य सम्पन्न गरिएको ।

➢ गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पुर्वक सम्पन्न गरियो ।

➢ गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।

➢ चालू आ.व.मा १२ वटा विविन्न कानून (कार्यविधिहरु) पारित गरी कार्यान्वयनमा लागिएको छ ।

- नव निर्वाचित जनप्रतिनिधिहरुको पद बहाली गरेको र आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- आ.व. शुरु भएको ७ दिन भित्र पेश हुन आएका ७२ जना स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट पेश ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको ३/३ महिनाको दुई पटक करार सम्झौता गरिएको ।
- आ.व. ०७९/८० को गाउँकार्यपालिकाको ७ वटा बैठक, मासिक स्टाफ बैठक, गत आ.व. र चालू आ.व. को प्रथम चौमासिक प्रगति समिक्षा सम्पन्न गर्नमा सहयोग ।
- अन्तरसरकारी अख्तियारी अन्तर्गत को.ले.नि.का.बाट आ.व. २०७८/०७९ का लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम र एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराइएको ।
- आर्थिक वर्ष २०७८/०७९ मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको ।
- आ.व. २०७९/०८० का लागि प्रथम त्रैमासिक सामाजिक सुरक्षा रकम निकासा गरिएको ।
- आ.व. २०७९/०८० का लागि बाह्रौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।
- महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७८/०७९ को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण
- बार्षिक खरिद योजना निर्माण गरिएको तथा खरिद इकाई समितिको बैठक - ९ पटक बसेको
- खप्ने जिन्सी सामान - ३ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - १३ प्रकारका रहेका
- दाखिला गरिएका सामान - ८८ प्रकारका रहेका

- कर्मचारीहरूकोलागि कार्यसम्पादन करार संझौता, इ-हाजिरी सञ्चालन, स्वमूल्याङ्कन गर्ने व्यवस्था तथा कर्मचारी आचरण, शिष्टाचार तथा आचार संहिता सार्वजनिक ।
- चालू आ. व. २०७९/०८० को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
- प्राविधिक तीन जना र का.स. एक जना करारसेवा मार्फत पदपूर्ति ।
- गा.पा. सरकारका एक सय दिनका मूख्य मूख्य कार्यसम्पादन विवरण पत्रकार र कार्यपालिकाको उपस्थितिमा प्रस्तुत तथा प्रथम त्रैमासिक स्वतः प्रकाशन सार्वजनिक ।
- साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण तथा गाउँपालिकाको मुखपत्रको रूपमा रहेको बगनासकाली आवाजको पन्ध्रौ अङ्क तयार र सार्वजनिक ।
- गाउपालिकास्तरीय स्थानीय दररेट र वार्षिक खरिद योजना निर्माण तथा सार्वजनिक ।
- यस अवधिमा बढी राजस्व रकम संकलन गर्ने १ नं. वडालाई गरिने प्रेरणात्मक सम्मान ।
- स्वाथ्यकर्मीहरूका लागि सात दिने आधारभूत कम्प्यूटर तालिम सम्पन्न ।

- **कार्ययोजना बमोजिम हुन नसकेको काम**
  - अन्तर निकाय समन्वय तथा जनशक्ति विकासको कार्य सम्पन्न गर्न नकिएको ।
- **सल्लाह/सुझाव**
  - प्रभावकारी रुपमा अन्तर तह समन्वय गरी समस्या समाधान गर्ने (जस्तैः रानीमहल) र पालिकाको विकासमा लगानी भित्राउने ।
  - बगनाकाली गा.पा.ले अबलम्बन गरेको शून्य बेरुजुको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सबैले सहयोग र सहकार्य गर्नुपर्ने ।
  - स्थानिय तहको खाद्य सुरक्षा तथा उपभोक्ता हक हितको क्षेत्रमा सचेतनामूलक कार्य गर्नुपर्ने ।
  - बजार अनुगमन, सार्वजनिक सम्पतिको संरक्षण र राजस्व वृद्धिमा अनुगमनलाई तिव्रता दिने ।
- **समितिको पदाधिकारीहरु**

| | | |
|---|---|---|
| संयोजक | - | श्री बसन्ती थापा |
| सदस्य | - | श्री मिना वि.क. |
| सदस्य | - | श्री जङ्ग बहादुर उचै |
| सदस्य | - | श्री श्रीमाया भित्रिया |
| सदस्य | - | श्री मान बहादुर सोमै |
| सदस्य सचिव | - | प्रशासन शाखा प्रमुख श्री सुजन घिमिरे |